Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक
# युगआह्वान
yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

वर्ष: २६ | अंक: ४९ | वि.सं. २०८३ जेठ १८ सोमवार | नेपाल संवत: ११४५, ज्येष्ठ कृष्ण प्रतिपदा | Monday 1 June 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

# शिक्षा र स्वास्थ्यमा तीन प्रतिशत भार थोपार्दै सरकार

**आगामी आर्थिक वर्षदेखि सरकारले निजी क्षेत्रबाट सञ्चालित शिक्षण संस्था र स्वास्थ्य संस्थामा सेवाग्राहीले तिर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशत समता शुल्क लगाउने घोषणा गरेको छ । तर, संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेको शिक्षा र स्वास्थ्य निःशुल्क गर्नुको सट्टा अतिरिक्त कर लगाइएको भन्दै विभिन्न सरोकारवाला निकायहरूले आलोचना गरिरहेका छन् । सरकारको यो घोषणाप्रति नागरिकस्तरबाट समेत विरोध भइरहेका छ ।**



**◣ओम शाही**
**सुर्खेत, १७ जेठ ।**

आइतबारको प्रतिनिधिसभा बैठकमा प्रधानमन्त्री बालेन्द्र शाह उपस्थित थिए । विपक्षी दलहरुले संसदमा उठाएका विषयवस्तुको जवाफ प्रधानमन्त्रीले दिनुपर्ने माग लगातार उठाइरहेका थिए । प्रधानमन्त्री शाहसँग प्रश्नोत्तरको माग प्रतिपक्षीले गरिरहेका थिए । यही विषयलाई लिएर लगातार संसद बैठकमा लफडा हुन थालेपछि आइतबारको बैठकमा प्रधानमन्त्री शाह उपस्थित भएका थिए ।

विपक्षीले संसद नियमावली अनुसार प्रधानमन्त्री नआएको भन्दै विरोध गरिरहेकै अवस्थामा सभामुख डोलप्रसाद अर्यालले प्रधानमन्त्री शाहलाई प्रश्नोत्तरको लागि समय दिए । प्रधानमन्त्री रोष्टममा पुगेपछि नेपाली कम्युनिस्ट पार्टीका सांसद प्रमेश हमालले प्रश्न सोधे, 'सरकारले ल्याएको बजेट उच्च र मध्यम वर्गमा केन्द्रित छ । निम्न र गरीबमुखी बजेट बन्न सकेन । यसका बारेमा हामी डिस्कशन गर्ने नै छौं । यसमा प्रधामनत्रीज्यूको राष्ट्रिय अर्थ नीति र अर्थ राजनीतिलाई अघि लैजान योजना र विचार के छ ? हामी जान्न चाहन्छौ ।'

सांसद हमालले सोधेको प्रश्न सरकारले शुक्रबार सार्वजनिक गरेको बजेटमा निजी विद्यालय र अस्पतालमा तीन प्रतिशतसम्म कर तिनुपर्ने विषयसँग सम्बन्धित थियो । सांसद हमालको प्रश्नको जवाफ दिदै प्रधानमन्त्री शाहले नयाँ खुलासा गरे ।

संविधानले शिक्षा र स्वास्थ्य निःशुल्क हुने व्यवस्था गरे पनि प्रधानमन्त्री शाहले अहिलेलाई विपन्न वर्गबाहेक अरुलाई निःशुल्क शिक्षा र स्वास्थ्य उपलब्ध गराउन नसकिने घोषणा गरे । संविधानले व्यवस्था गरे पनि सरकारको बजेट त्यो हिसाबको नभएको भन्दै अहिलेलाई विपन्न वर्गलाई मात्रै उपलब्ध गराउने प्रधानमन्त्रीको भनाइ छ । सांसद हमालले राखेको प्रश्नको जवाफ दिँदै प्रधानमन्त्री शाहले भने, 'हाम्रो संविधानमा निःशुल्क स्वास्थ्य र शिक्षा भनेर लेख्न त लेखियो तर सरकारको बजेट त्यो अनुसारको छ कि छैन भनेर हेरिएन, त्यसैले अहिलेलाई सबैलाई नभए पनि विपन्न वर्गलाई निःशुल्क शिक्षा र स्वास्थ्य प्रदान गर्न सरकार र रास्वपा प्रतिबद्ध छ ।'

आगामी आर्थिक वर्षदेखि सरकारले निजीक्षेत्रबाट सञ्चालित शिक्षण संस्था र स्वास्थ्य संस्थामा सेवाग्राहीले तिर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशत समता शुल्क लगाउने घोषणा गरेको छ । तर, संविधानले मौलिक हकका रूपमा व्यवस्था गरेको शिक्षा र स्वास्थ्य निःशुल्क गर्नुको सट्टा अतिरिक्त कर लगाइएको भन्दै विभिन्न सरोकारवाला निकायहरूले आलोचना गरिरहेका छन् । सरकारको यो घोषणाप्रति नागरिकस्तरबाट समेत विरोध भइरहेका छ ।

## समता शुल्कको नाममा तीन प्रतिशत कर

संविधानले माध्यमिक तहसम्मको शिक्षा र आधारभूत उपचार निःशुल्क हुने व्यवस्था गरेको छ । संविधानको धारा ३१ मा भनिएको छ, 'प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।'

साथै संविधानले अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन अनुसार निःशुल्क शिक्षा पाउने हक हुने कुरा समेत उल्लेख गरेको छ । यस्तै, धारा ३५ मा स्वास्थ्य सम्बन्धी हकको व्यवस्था रहेको छ । जसमा भनिएको छ, 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेजा निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट वञ्चित गरिने छैन ।' तर, अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले आर्थिक विधेयकमार्फत निजी शिक्षण संस्था विद्यालय र कलेज पढ्ने विद्यार्थी र निजी अस्पतालमा उपचार गराउने बिरामीबाट ३ प्रतिशत कर उठाउने घोषणा गरेका छन् । सरकारले कर लागू गर्दा नागरिकलाई शिक्षा र स्वास्थ्य झनै महँगो पर्ने जनगुनासो चौतर्फी रूपमा बढ्न थालेको छ । सरकारले ल्याएको आर्थिक विधेयकको अनुसूची-७ मा यससम्बन्धी व्यवस्था गरिएको छ ।

विधेयकको दफा १ मा व्यवस्था गरिएअनुसार निजीक्षेत्रबाट सञ्चालित शिक्षण र स्वास्थ्य संस्थाले विद्यार्थी र बिरामीबाट असुल गर्ने सबै प्रकारका शुल्कमा तीन प्रतिशतका दरले शिक्षा समता शुल्क लगाई असुल उपर गरिनेछ । विधेयकले निजीक्षेत्रबाट सञ्चालित शिक्षण संस्थाको परिभाषासमेत तोकेको छ ।

यसले पुनर्ताजगी तालिम प्रदान गर्ने संस्थाबाहेक निजीक्षेत्रबाट सञ्चालित विश्वविद्यालय, महाविद्यालय, विद्यालय तथा प्राविधिक शिक्षालयलगायत जुनसुकै किसिमको शिक्षा प्रदान गर्ने निकाय सम्झनुपर्ने उल्लेख गरेको छ । तर गैरनाफा नभई सार्वजनिक शैक्षिक गुठीअन्तर्गत सञ्चालित शिक्षण संस्थालाई भने छुट दिइएको छ । यसरी सञ्चालित शैक्षिक संस्थामा शिक्षा समता शुल्क लाग्ने छैन । शिक्षण संस्थाले विद्यार्थीबाट शुल्क लिँदा बील जारी गरी यो कर असुल उपर गर्नुपर्नेछ । असुल गरेको समता शुल्क र त्यसको विवरण चौमासिक रूपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ । यसो नगरेमा वा कर छलेको पाइएमा कर अधिकृतले आफैं शिक्षा समता शुल्क निर्धारण गर्न सक्नेछन् । यसरी कर छली गरेको प्रमाणित भएमा कर अधिकृतले शुल्कको २५ प्रतिशतले हुने रकम जरिवानासमेत गर्न सक्ने व्यवस्था छ ।

त्यसैगरी निजी स्वास्थ्य संस्थाले पनि बिरामीबाट बील

▶▶ बाँकी ३ पेजमा

# देशभर ६२ लाख ४९ हजार ७३२ सवारी साधन

**◣युग संवाददाता**
**काठमाडौँ, १७ जेठ ।**

देशभर दर्ता भएका सवारी साधनको सङ्ख्या ६२ लाख माथि रहेको पाइएको छ । अर्थ मन्त्रालयले सार्वजनिक गरेको विवरणअनुसार चालु आर्थिक वर्ष फागुन मसान्तसम्म कुल सवारीसाधनको सङ्ख्या ६२ लाख ४९ हजार ७३२ पुगेको छ । चालु आवको फागुन मसान्तसम्म मात्रै दुई लाख ८१ हजार ९२१ वटा दर्ता भएका थिए । दर्ता भएका सवारीसाधनमध्ये ५० लाख बढी मोटरसाइकल छन् । त्यसैगरी, फागुन मसान्तसम्म ४१ लाख १४ हजार १८१ वटा सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) जारी भएको छ । त्यसमध्ये चालु आवको आठ महिनासम्म ४३ हजार ७५० थान सवारी चालक अनुमतिपत्र जारी भएको थियो ।

चालु आवको प्रथम आठ महिनामा ८७ हजार १४ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएका छन् । तीमध्ये पाँच हजार १८६ थान जडान गरिएको छ । गत फागुन मसान्तसम्म कुल आठ लाख ३१ हजार ५९ थान इम्बोस्ड नम्बर प्लेट उत्पादन भएकामा ८८ हजार ३४० थान जडान भएका छन् । इम्बोस्ड सवारी नम्बर प्लेट जडानसम्बन्धी निर्देशिका, २०८१ अनुसार नम्बर प्लेट जडान भइरहेको छ ।

# १० बुँदे घोषणा पत्र जारी गर्दै सकियो कर्णाली छोरी सम्मेलन

**◣युग संवाददाता**
**सुर्खेत, १७ जेठ ।**

'कर्णाली छोरी सम्मेलन'को दोस्रो संस्करण १० बुँदे घोषणापत्र जारी गर्दै समापन भएको छ । प्रदेश राजधानी वीरेन्द्रनगरमा शनिबार र आइतबार गरी दुई दिनसम्म चलेको सम्मेलन ज्योति फाउन्डेशनको आयोजना र कर्णाली सरकार सामाजिक विकास मन्त्रालयको समन्वयमा आयोजना गरिएको थियो ।

यो पटकको सम्मेलनमा लैङ्गिक तथा जातीय विभेद, महिला हिंसा, बालविवाह, घरेलु हिंसा, मर्यादित महिनावारी र छाउपडीजस्ता विषयमा व्यापक छलफल भएको फाउन्डेशनकी अध्यक्ष ज्योति कटुवालले बताइन् । छोरी सम्मेलनमा कर्णालीका ७९ वटै स्थानीय तहका साथै लोपोन्मुख तथा सीमान्तकृत समुदायका छोरीहरूको सहभागिता रहेको थियो ।

यो पटकको सम्मेलनमा हरेक जिल्लाका छोरीहरूबिच जिल्लागत रुपमा 'छोरीका मनका कुरा' शीर्षकमा जिल्लामा छोरीहरूको अवस्थाबारे छलफल गरिएको थियो । जस क्रममा अधिकांश छोरीहरूले अझै पनि समाजमा छोरीमाथि हेर्ने व्यवहारमा रुपान्तरण हुन नसकेको बताएका थिए । जसमा १० वटै जिल्लाका छोरीहरूले छोरीहरूलाई अवसरसँगै आधारभूति अधिकार दिनुपर्ने निष्कर्षसहितको बहस गरे ।

अझै पनि समाजमा अझै व्याप्त विभेद, महिलामाथि हेर्ने नजरिया तथा डोल्पा जिल्लाका महिलाले शिक्षा, स्वास्थ्यका क्षेत्रमा भोग्दै आएका कथाव्यथामाथि प्रकाश पारे । सम्मेलनले अझै पनि कर्णालीमा बाल विवाह, लैङ्गिक विभेद, कुप्रथालगायतका विभेदहरू कर्णालीका छोरीहरूको उज्ज्वल भविष्य निर्माणका लागि बाधक बनेको निष्कर्ष निकालेको छ । 'बाल विवाह अन्त्यका लागि प्रदेश तथा स्थानीय सरकारसँग रणनीति एवम् कार्ययोजना निर्माण गरी कार्यान्वयन गर्न माग गर्दछ,' घोषणापत्रमा भनिएको छ ।

सम्मेलनमा अझै पनि कर्णालीका ३३ प्रतिशत महिला निरक्षर रहेको विषयमा चिन्ता प्रकट भयो । कर्णालीका प्रदेश प्रमुख यज्ञराज जोशीले निरक्षर महिला जनसंख्यालाई साक्षर र सबल बनाउन तीन वटै तहका सरकार जिम्मेवारी बनाइनुपर्ने बताए । सम्मेलनमा शासनको बागडोरमा छोरी, प्रेरणाका प्रतिविम्ब, ज्ञानको उज्यालोमा छोरी, आवाज विहिनहरूका आवाज जस्ता शीर्षकमा स्थानीय तहको नेतृत्वमा पुगेका महिला राजनीतिज्ञ, प्रशासनिक निकायको माथिल्लो

▶▶ बाँकी ३ पेजमा

## बालबालिकालाई लागूऔषध दुरुपयोगबाट बचाऔं ।

- लागूऔषध सामाजिक अपराध हो कोही कसैले प्रयोग नगरौं ।
- बालबालिकालाई लागूऔषधको प्रयोगबाट टाढा राखौं,
- बालबालिकाको संगतमा ध्यान दियौं,
- लागूऔषधबाट हुने हानी र कानूनी परिणामको बारेमा जानकारी दिऔं,
- बालबालिकासँग नियमित संवाद गर्ने गरौं,
- बालबालिकालाई घरमा माया र समय दिने गरौं,
- विद्यालयमै जीवन उपयोगी शिक्षा दिने गरौं,
- बालबालिकाको सकारात्मक गतिविधिलाई प्रोत्साहन गरौं ।

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
वीरेन्द्रनगर, सुर्खेत ।

GANGAMALA TRAVELS & TOUR PVT. LTD
CAR WASH
Birendranagar-12, Surkhet
gttpvt@gmail.com
9851329169, 9858052810
● MINI BUS ● JEEP/CAR
● EV VAN ● SUMO JEEP

## सम्पादकीय....

# रंगशाला निर्माणको जात्रा नदेखाउ !

कर्णाली प्रदेशलाई १०औँ राष्ट्रिय खेलकुद आयोजना गर्ने जिम्मेवारी दिइएको झन्डै साढे तीन वर्ष बितिसकेको छ। २०७९ कात्तिकमा पोखरामा सम्पन्न नवौँ राष्ट्रिय खेलकुदको समापन समारोहमा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले कर्णालीलाई राष्ट्रिय खेलकुदको झण्डा हस्तान्तरण गर्दै आगामी प्रतियोगिता आयोजना गर्ने जिम्मेवारी सुम्पिएका थिए। त्यसअघि नै कर्णाली प्रदेश सरकारले राष्ट्रिय खेलकुदलाई लक्षित गर्दै सुर्खेतको वीरेन्द्रनगरमा अत्याधुनिक रंगशाला निर्माणको महत्वाकांक्षी योजना अघि बढाइसकेको थियो। तर आज त्यही रंगशाला निर्माणको अन्तिम चरणमा पुगेर पनि अलपत्र बनेको छ, जसका कारण राष्ट्रिय खेलकुदको मिति नै पटक-पटक सर्दै आएको छ। यो अवस्था प्रदेश सरकारको कार्यसम्पादन क्षमता र विकास आयोजनाप्रतिको प्रतिबद्धतामाथि गम्भीर प्रश्न खडा गर्ने विषय बनेको छ। एक अर्ब ५९ करोड रुपैयाँभन्दा बढी लागतमा निर्माणाधीन रंगशालाको काम ९९ प्रतिशत सम्पन्न भइसकेको बताइन्छ। निर्माण व्यवसायीका अनुसार बाँकी रहेको एक प्रतिशत काम पूरा गर्न डेढ महिनाभन्दा बढी समय लाग्दैन। गेट क्षेत्रमा पिच गर्ने, रंगरोगन गर्ने तथा केही प्राविधिक सुधारका काम मात्र बाँकी छन्।

तर, विडम्बना, यति सानो कामका लागि आयोजना एक वर्षभन्दा बढी समयदेखि रोकिएको छ। कारण निर्माण प्राविधिक जटिलता होइन, सरकारी निर्णयहीनता हो। निर्माण व्यवसायीले करिब नौ करोड रुपैयाँ भुक्तानी नपाएको गुनासो गरिरहेका छन्। म्याद थप्ने कि हालकै अवस्थामा आयोजना हस्तान्तरण लिने भन्ने विषयमा सरकारले स्पष्ट निर्णय गर्न सकेको छैन। गएको वैशाखमै म्याद थपका लागि निवेदन परे पनि प्रक्रिया अघि बढ्न नसक्नु प्रशासनिक अकर्मण्यताको उदाहरण हो। एकातिर सरकारले म्याद थप गर्दैन, अर्कोतर्फ भुक्तानी प्रक्रिया पनि अघि बढाउँदैन। परिणामस्वरूप निर्माण व्यवसायीले काम अघि बढाउन सक्दैन र आयोजना अधुरै रहन्छ। यस्तो अवस्था सिर्जना हुनु विकास प्रशासनको गम्भीर कमजोरी हो। रंगशाला अलपत्र पर्नुको अर्को कारण प्रदेश खेलकुद परिषद्को नेतृत्व रिक्त हुनु पनि हो। तत्कालीन सदस्य सचिव विश्वमित्र सञ्ज्यालको कार्यकाल सकिएपछि नयाँ नियुक्तिमा भएको ढिलाइले परिषद्को आर्थिक तथा प्रशासनिक निर्णय प्रक्रिया ठप्प बन्यो। राजनीतिक भागबण्डा र शक्ति सन्तुलनको खेलमा महत्वपूर्ण आयोजना बन्धक बन्यो। १५ महिनापछि सदस्य सचिव नियुक्त भए पनि अपेक्षित सक्रियता देखिन सकेको छैन।

पदभार ग्रहण गर्दा अध्ययन समिति गठन गरी तत्काल निर्णय प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइए पनि त्यसको प्रतिफल अझै देखिएको छैन। सबैभन्दा चिन्ताजनक पक्ष भनेको यो रंगशालाको ढिलाइले १०औँ राष्ट्रिय खेलकुदलाई नै प्रभावित पारिरहेको तथ्य हो। राष्ट्रिय खेलकुदको मिति चार पटकसम्म सर्नु सामान्य विषय होइन। यसले खेलाडी, प्रशिक्षक, संघ-संस्था र समग्र खेल क्षेत्रलाई अन्योलमा पारेको छ। खेलकुद पूर्वाधार निर्माणको उद्देश्य केवल भवन निर्माण गर्नु मात्र होइन, त्यसलाई समयमै सञ्चालनमा ल्याएर खेलकुद गतिविधिलाई गति दिनु पनि हो। तर, कर्णालीमा अवस्था उल्टो देखिएको छ। अब सरकारसँग रंगशाला निर्माणको विषयमा जात्रा देखाउने समय छैन। म्याद थप्ने कि आयोजना हस्तान्तरण गर्ने भन्ने विषयमा तत्काल निर्णय हुनुपर्छ। बाँकी भुक्तानी, गुणस्तर परीक्षण र प्रशासनिक प्रक्रिया छिटो टुंग्याएर रंगशालालाई पूर्णता दिनुपर्छ। अन्यथा राष्ट्रिय खेलकुद मात्र होइन, कर्णालीको विकास क्षमतामाथिको जनविश्वास समेत कमजोर हुँदै जानेछ। ९९ प्रतिशत सम्पन्न आयोजना एक प्रतिशतमा रोकिएर बस्नु कुनै आर्थिक समस्या मात्र होइन, शासन व्यवस्थाको असफलताको प्रतीक पनि हो। त्यसैले रंगशालालाई तत्काल पूर्णता दिने विषय प्रदेश सरकारको प्राथमिक दायित्व बन्नुपर्छ।

# करसम्बन्धी संशोधनका भ्रम तथा यथार्थ



✍ अरुण राउत

सरकारले शुक्रबार संघीय संसद्मा पेस गरेको आर्थिक वर्ष २०८३/८४ को बजेट तथा त्यसपछि जारी आर्थिक विधेयकले धेरै करदातामा केही दुविधा उत्पन्न भएको पाइन्छ। तिनै प्रश्नमध्ये बजेटमा गरिएका आयकर, मूल्य अभिवृद्धि कर तथा आर्थिक विधेयकका व्यवस्थालाई यहाँ छलफल गर्ने प्रयास गरिएको छ।

**आयकर ऐनको दफा ५७ लागू नहुने**

आयकर ऐनको दफा ५७ मा आर्थिक विधेयक २०८३ ले निम्न अवस्थामा दफा ५७ आकर्षित नहुने व्यवस्था गरेको छ- पहिलो, स्टार्टअप भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डमा साबिकका सेयरवाला तथा साझेदारको पुँजी यथावत् रही नयाँ सेयरवाला तथा साझेदार थप भई पुँजी वृद्धि भएको अवस्था। दोस्रो, निकायको हिताधिकारीको मृत्युका कारण उक्त निकायमा रहेको हितको अस्वैच्छिक निःसर्ग भई कानुनी हकवालालाई हस्तान्तरण भएको। तेस्रो, बासिन्दा निकायको स्वामित्व परिवर्तन भई सोही कारण उक्त निकायको हित रहेको अर्को बासिन्दा निकायको स्वामित्व परिवर्तन भएको अवस्थामा।

पछिल्ला दुई अवस्था १ साउनपछि भएको स्वामित्वको परिवर्तनमा मात्र लागू हुन्छ। अन्य अवस्थामा कम्पनी तथा साझेदारी व्यवसायमा सेयर स्वामित्वमा ५० प्रतिशत वा सोभन्दा बढी परिवर्तन भए दफा ५७ लागू हुन्छ। स्टार्टअप भेञ्चर क्यापिटल र प्राइभेट इक्विटी फन्डमा साबिकका सेयरवाला तथा साझेदारको पुँजी यथावत् रही थप नयाँ सेयरहोल्डर वा साझेदारले नयाँ पुँजी थप गरे मात्र दफा ५७ नलाग्ने अवस्था छ। यो व्यवस्था अन्य निकायको हकमा लागू हुँदैन।

यस्तै हिताधिकारीको मृत्युका कारण हितको अस्वैच्छिक निःसर्ग भई सेयर संरचनामा परिवर्तन भएमा दफा ५७ नलाग्ने व्यवस्था थप गरिएको छ। यो व्यवस्था सर्वोच्च अदालतको ११ भदौ २०८१ को ०८०-डब्लूओ-१५०६ को उत्प्रेषण आदेशमा समेत निर्णय भइसकेको हुनाले उक्त अवस्थालाई आयकर ऐनमा संलग्न गर्न खोजिएको देखिन्छ।

दफा ५७ को व्यवस्थामा यस विधेयकले तेस्रो अवस्था मात्र थप गरेको छ। नेपालको बासिन्दा कम्पनीले अन्य कम्पनीमा लगानी गरेकामा उक्त लगानी गर्ने कम्पनीमा स्वामित्व परिवर्तन भई उक्त कम्पनीको लगानी रहेको अर्को बासिन्दा निकायको समेत दफा ५७ लाग्ने अवस्था हटेको छ। उदाहरणका लागि नेपालमा दर्ता भएको हिमाल कम्पनीमा यसका सेयरहोल्डरबीच हक हस्तान्तरण भई स्वामित्वको परिवर्तनले दफा ५७ आकर्षित भए उक्त हिमाल कम्पनीको ९० प्रतिशत सेयर लगानी रहेको नेपालमा दर्ता भएको पहाड कम्पनीमा समेत दफा ५७ आकर्षित हुने व्यवस्था यसअघि रहेकामा संशोधनपछि पहाड कम्पनीमा दफा ५७ नलाग्ने व्यवस्था भएको छ। फलस्वरूप हिमाल कम्पनीमा दफा ५७ आकर्षित हुँदासमेत पहाड कम्पनीमा दफा ५७ आकर्षित हुँदैन।

आयकर ऐनको दफा ५७ वा दफा ९५ क-लाई व्यावसायिक जगत्ले आयकर ऐनको सबैभन्दा जटिल व्यवस्थामध्ये एक व्यवस्थाका रूपमा लिएको अवस्था रहेको छ। नयाँ सरकारले यी दुई दफामध्ये एक दफामा मूलभूत परिवर्तन गर्ने अपेक्षा धेरैको रहेकामा सोबमोजिम संशोधन नभएको अवस्था रहेको छ। तथापि उल्लिखित संशोधनले केही हदसम्म प्रशासनिक जटिलता कम गर्न सहयोग गरेको पाइन्छ।

आयकर ऐन २०५८ बमोजिम पुँजीगत लाभकर केवल प्राकृतिक व्यक्तिको हकमा मात्र लागू हुन्छ। निकाय (कम्पनी, साझेदारी व्यवसाय आदि) मा जग्गा, भवन तथा सेयर लगानी बिक्रीबाट भएको लाभमा सामान्य दरमा कर लाग्छ। प्राकृतिक व्यक्तिले सेयर लगानी, जग्गा भवन बिक्रीबाट प्राप्त लाभमा यसअघि आय विवरण बुझाउनुपर्ने व्यवस्था रहे तापनि थप कर नलाग्ने व्यवस्था रहेकामा आय विवरण पेस गर्न नचाहने बासिन्दा प्राकृतिक व्यक्ति वा गैरबासिन्दा व्यक्तिले प्राप्त लाभमा तिरेको अग्रिम आयकर अन्तिम हुने व्यवस्था थप गरिएको छ। यस व्यवस्थाले लगानीकर्तामा भएको संशयलाई निराकरण गरेको छ।

बैंक, वित्तीय संस्था वा रेमिट्यान्स कम्पनीबाट ५ प्रतिशत कर कट्टा गरी नेपाल बाहिरबाट सफ्टवेयर वा अन्य विद्युतीय सेवा उपलब्ध गराएबापत प्राप्त आम्दानी, व्यवसाय सञ्चालनमा संलग्न नरहेको कुनै बासिन्दा प्राकृतिक व्यक्तिले व्यक्तिगत रूपमा बाहेक विदेशमा परामर्श सेवाबापत प्राप्त आम्दानी, सामाजिक सञ्जालको प्रयोगबाट प्राप्त आम्दानी, बासिन्दा ई-कमर्स प्लेटफर्मले कट्टा गरेको एक प्रतिशत अग्रिम करसमेत अन्तिम कर कट्टी हुने व्यवस्था थप गरेको छ। यसरी अन्तिम कर कट्टी भएको रकममा थप कर बुझाउन पर्दैन। यसअघि यस्तो आय भएका करदाताको हकमा आयकर ऐनको अनुसूची १ को दफा १ को उपदफा ४ क-बमोजिम थप कर नलाग्ने भए तापनि आय विवरण पेस गर्न आवश्यक थियो।

सामाजिक सञ्जालको प्रयोग गरी आयआर्जन गर्ने करदाता, बाइक तथा कार चलाउने राइडर, आईटी सेवा प्रदान गर्ने प्राकृतिक व्यक्तिको प्रशासनिक दायित्व यसले हल गरेको छ। तथापि यस्ता करका अतिरिक्त अन्य आम्दानीसमेत भएका वार्षिक ४० लाख वा त्यसभन्दा बढी आम्दानी गर्ने करदाताले डे-०४ विवरण वार्षिक रूपमा पेस गर्न आवश्यक छ।

**रोजगारीबाट प्राप्त हुने आयमा कर**

आर्थिक विधेयक २०८३ मार्फत रोजगारीको आयमा गरिएको आयकरको व्यवस्थालाई करदाताले ठूलो राहतका रूपमा लिएका छन्। एकल तथा दम्पती दुवै अवस्थामा करको दर एउटै कायम गरिएको छ। यसअघि एकलको हकमा ५ लाख तथा दम्पतीको हकमा ६ लाखसम्म कर नलाग्ने वा एक प्रतिशतमात्र लाग्ने व्यवस्था थियो। तालिका- १ मा २०८२/८३ तथा २०८३/८४ को आयकरको दर र सीमालाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ।

उक्त दरबमोजिम एकल पुरुष करदाताको २०८२/८३ तथा २०८३/८४ मा विभिन्न आयको सीमा रकममा तालिका-२ बमोजिम कर दायित्व घट्ने देखिन्छ। महिला करदाताको हकमा कर दायित्व १० प्रतिशतले कम हुन्छ।

घरको बिमाबापत कर गणनामा घटाउन पाउने रकमसमेत ५ हजारबाट १० हजार कायम गरिएको छ। यसबाट समेत केही कर दायित्व घट्ने देखिन्छ।

**करको दर घटाइ करको दायरा वृद्धि**

करको दर घटाइ करको दायरा वृद्धि गर्ने सैद्धान्तिक विषय सुन्न र भन्नमा जति सहज भए तापनि कर नीति निर्माणमा त्यति नै पेचिलो हुन्छ। करको दर घटाउँदा स्रोतमा पर्ने दबाब तथा दायरा वृद्धि गर्ने क्षेत्र नहुनु बजेट निर्माणको सबैभन्दा जटिल विषय हो।

रोजगारदाताको आयकरको दर घटाइँदा पर्ने स्रोतको व्यवस्थापन केही हदसम्ममा निष्क्रिय आयका रूपमा चिनिने घरजग्गा बिक्रीको लाभ तथा सूचीकृत कम्पनीको सेयर बिक्रीबाट पूर्ति गर्ने प्रयाससमेत गरिएको देखिन्छ। रोजगारी जस्ता सक्रिय आयमा करको दर कम गरी घरजग्गा खरिदबिक्री तथा सूचीकृत कम्पनीको सेयरमा लगानीबाट प्राप्त आयमा करको दर केही वृद्धि गरिएको छ।

पाँच वर्षभित्र बिक्री गरिएको घरजग्गाको लाभमा करको दर ७.५ प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ। पाँच वर्षभन्दा बढी अवधिपछि बिक्री गरिएको घरजग्गाको लाभमा करको दर ५ प्रतिशतबाट ७.५ प्रतिशत कायम गरिएको छ। यस्तै ३ सय ६५ दिनभन्दा कम अवधिभित्र बिक्री गरिएको सूचीकृत कम्पनीको सेयर बिक्रीबाट प्राप्त लाभमा करको दर ७.५ प्रतिशतबाट १० प्रतिशत कायम गरिएको छ। ३ सय ६५ दिनभन्दा बढी समयपछि बेचिएको सूचीकृत कम्पनीको सेयर बिक्रीबाट प्राप्त लाभमा करको दर ५ प्रतिशतबाट ७.५ प्रतिशत कायम गरिएको छ। सूचीकृत कम्पनीको सेयर खरिदबिक्रीको लाभमा कर संकलन सरल भए तापनि घरजग्गाको खरिदबिक्रीको करको संकलन सुदृढ गर्ने घरजग्गाको मूल्य निर्धारण गर्ने वैज्ञानिक विधि आवश्यकता छ।

करको दायरा बढाउने उद्देश्यले नयाँ समता करका रूपमा पुरानै स्वास्थ्य सेवा कर तथा शिक्षा सेवा करलाई स्वास्थ्य समानता शुल्क तथा शिक्षा समता शुल्क नामकरण गरी लागू गरिएको छ। निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवा प्रदायक तथा शिक्षण संस्थाले सबै प्रकारको शुल्कमा ३ प्रतिशत समता कर सेवाग्राहीबाट असुल गरी भुक्तानी गर्नुपर्छ। यसले निजी शिक्षण सेवा तथा निजी स्वास्थ्य सेवा ३ प्रतिशतले महँगो पर्ने देखिन्छ।

**व्यवसायीको माग सम्बोधन**

कर नीतिको छलफलका क्रममा व्यवसायीबाट राखिने धेरैजसो मागलाई यस विधेयकले सम्बोधन गर्न चाहेको देखिन्छ। भ्याटमा बहुदर लागू गर्नुपर्ने माग व्यवसायीबाट २०५२ सालदेखि नै राखिँदै आएकामा हरेक सरकारले प्रशासनिक जटिलता देखाउँदै बहुदर लागू नगरेको अवस्था थियो।

राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति (राइड सेयरिङ अपरेटर) बाट सञ्चालित प्लेटफार्ममा आबद्ध भई यातायात तथा ढुवानी सेवा प्रदान गर्ने व्यक्तिलाई कारोबार गरेको बखत राइड सेयरिङ सेवा सञ्चालन गर्ने व्यक्ति र अन्तिम उपभोक्तालाई विद्युत् सेवा प्रदान गर्ने व्यक्ति (नेपाल विद्युत् प्राधिकरण) लाई पाँच प्रतिशत मूल्य अभिवृद्धि कर लगाई मूल्य अभिवृद्धि करमा बहुदर कायम गरिएको छ।

यसबाट नेपाल विद्युत् प्राधिकरण तथा बुटवल पावर कम्पनीले ग्राहकबाट ५ प्रतिशत मूल्य अभिवृद्धिकर असुल्नेछन्। यसले मूल्य अभिवृद्धि करको दर ३ बाट ४ दर कायम भएको छ। यसअन्तर्गत मूल्य अभिवृद्धि कर नलाग्ने, शून्य दरमा कर लाग्ने, पाँच प्रतिशत दरमा मूल्य अभिवृद्धि कर लाग्ने तथा १३ प्रतिशतको दरमा मूल्य अभिवृद्धि कर लाग्ने अवस्था रहन्छ।

भारतमा जीएसटीमा बहुदरबाट एकल दरमा ल्याउने प्रयास भइरहेकामा नेपालमा मूल्य अभिवृद्धि करमा बहुदर लागू गरिँदा टीएससी, हरित कर जस्ता अन्य करको औचित्य सैद्धान्तिक रूपमा रहन्न। बहुदरमा मूल्य अभिवृद्धि कर, अन्तःशुल्क, भन्सार शुल्क तथा आर्थिक ऐनले सालबसाली निर्दिष्ट गर्ने हरित कर, विलासिता कर, चलचित्र विकास शुल्क, समता शुल्क, टेलिफोन सेवा शुल्क आदि करले कर प्रशासनमा जटिलता ल्याउने देखिन्छ। बहुदरको मूल्य अभिवृद्धि करका अतिरिक्त अन्य करसमेत यथावत् राखिए मूल्य अभिवृद्धि कर लागू गरिएको कारण तथा तर्क मान्य रहँदैन।

अन्य माग सम्बोधनमा आन्तरिक राजस्व विभागबाट गर्ने कर निर्धारणको अवधि चार वर्षबाट घटाएर ३ वर्ष कायम गरी व्यवसायीको माग सम्बोधन गर्न खोजिएको देखिन्छ। आयकर फिर्ता माग गर्ने समयसीमा दुई वर्षबाट बढाएर पाँच वर्ष कायम गरिएको छ। तथापि व्यावहारिक रूपमा यसअघि पनि चार वर्षभित्र कर निर्धारण भएपछि पनि कर छली जस्ता विषय उल्लेख गरी व्यवसायीको कर निर्धारण गरेको पाइन्छ। यसरी कर निर्धारण गरिँदा यसअघि कर निर्धारणमा संलग्न कर्मचारीउपर कुनै कारबाही गरिएको उदाहरण पाइँदैन।

आयकर फिर्ता स्वचालित रूपमा गर्नुपर्ने व्यवस्था लागू गरिनुपर्नेमा कर फिर्ता माग गर्ने समयसीमा दुई वर्षबाट बढाएर पाँच वर्ष कायम गरिएको छ। मूल्य अभिवृद्धि कर, आयकर तथा अन्य आर्थिक ऐनले निर्देश गरेका करमा अधिक दाखिला भए दायित्व तथा लिनुपर्ने विभिन्न करबीचमा समायोजन गरिने व्यवस्था गरिएमा थप कर प्रशासनमा सहजता हुने देखिन्थ्यो।

व्यावसायिक सामाजिक जिम्मेवारीमा गरेको खर्चलाई करयोग्य आयको १ प्रतिशतको अधीनमा रही घटाउन पाउने व्यवस्था थप गरिएको छ। चन्दाबापतको खर्चको सीमा एक लाखबाट बढाएर ३ लाख कायम गरिएको छ। यस्तै सेयर तथा ऋणपत्र जारी गर्दा गरिएको खर्चलाई खर्च दाबी गर्न दिने व्यवस्था गरिएको छ। यी व्यवस्था आयकरको सिद्धान्तमा आधारित रहेर खर्च दाबी दिने वा नदिनेभन्दा पनि विभिन्न करदाताको कर निर्धारणपछि कर कार्यालयबाट गरिएको कर निर्धारण आदेशलाई

► बाँकी ३ पेजमा

## विश्व

# गाजाका क्यान्सरपीडित बालबालिकालाई खेलकुद र मनोरञ्जनमार्फत राहत

**गाजा, १७ जेठ।**

युद्ध र रोगको दोहोरो पीडाबाट गुज्रिरहेका गाजाका क्यान्सरपीडित बालबालिकाका लागि शनिबार केही समय खुसी र मनोरञ्जनको वातावरण सिर्जना गरिएको छ। गाजा सहरस्थित अल-रन्तिसी बाल अस्पतालमा स्वयंसेवकहरूले खेलकुद, चित्रकला, अनुहार रङ्ग्याउने तथा विभिन्न मनोरञ्जनात्मक गतिविधि सञ्चालन गर्दै बालबालिकालाई मानसिक राहत प्रदान गर्ने प्रयास गरेका हुन्।

यो कार्यक्रम गाजावासीका लागि राहत कार्यमा संलग्न इजिप्टेली सहयोग समितिका मनोसामाजिक सहयोग तथा मनोरञ्जन टोलीद्वारा आयोजना गरिएको थियो। कार्यक्रममा सहभागी बालबालिकाले खेल खेल्नुका साथै गीत, नृत्य र सिर्जनात्मक गतिविधिमार्फत केही समयका लागि रोग र युद्धको तनाव बिर्सने अवसर पाए।

कार्यक्रममा जोकरको भूमिकामा रहेका स्वयंसेवक सुलेमान अबुदले युद्धका कारण गाजाका बालबालिकाले असाधारण कठिनाइ र त्रास भोग्नुपरेको बतनए। उनका अनुसार यस्ता बालबालिकालाई उपचार मात्र नभई मानसिक र सामाजिक सहयोग पनि अत्यन्त आवश्यक छ। खेल्न, हाँस्न र आफ्ना भावना व्यक्त गर्न पाउनु उनीहरूको मानसिक स्वास्थ्यका लागि महत्वपूर्ण हुने उहाँले उल्लेख गरे।

बालबालिकाका अभिभावकहरूले पनि यस पहलको प्रशंसा गरेका छन्। क्यान्सर उपचार गराइरहेका एक बालकका अभिभावक इहसान अब्दुल आलले यस्ता कार्यक्रमले बालबालिकालाई केही समयका लागि भए पनि अस्पताल, उपचार र रोगको वातावरणबाट टाढा लैजान मद्दत गर्ने बतए।

युद्धका कारण विस्थापित राफिफ अबु ओदाले आफ्नी १२ वर्षीया छोरी समाहलाई महिनौँपछि यति धेरै खुसी देखेको बताउनुभयो। समाहले स्वयंसेवकहरूसँग गीत गाउन र नाच्न पाउँदा आफू बिरामी भए पनि निकै रमाएको प्रतिक्रिया दिएका छन्।

यो कार्यक्रम गाजामा बढ्दो मानसिक स्वास्थ्य संकटका बीच आयोजना गरिएको हो। दुई वर्षभन्दा लामो समयदेखि जारी द्वन्द्वका कारण त्यहाँका बालबालिका तथा सर्वसाधारण गम्भीर मानसिक तनावको सामना गरिरहेका छन्।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — अवसरका लागि केही त्याग गर्नुपर्ला। तत्काल लाभ नभए पनि पछिका लागि काम गर्ने समय छ। कामको चाप बढ्नेछ भने शरीरमा कमजोरी अनुभूति हुनेछ।

**वृष** — प्रयत्न गर्दा व्यापार बढ्नुका साथै व्यवसायमा लाभ हुनेछ। आयआर्जनका नयाँ स्रोत समेत फेला पर्नेछन्। भौतिक साधन जुट्नाले पनि आम्दानी बढ्ने काम प्रारम्भ हुनेछ।

**मिथुन** — स्वास्थ्य सबल बन्नुका साथै काममा उत्साह जाग्नेछ। पुरुषार्थ देखाएरै समाजमा स्थापित बन्न सकिनेछ। चुनौती पन्छाएर काम बनाउन सकिनेछ।

**कर्कट** — शुभचिन्तकहरूले साथ दिनेछन्। लगनशीलताले राम्रै उपलब्धि दिलाउनेछ। पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ।

**सिंह** — हतारको निर्णयले समस्या निम्त्याउने हुँदा व्यवहारमा सजग रहनुपर्ला। अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला।

**कन्या** — विभिन्न उपहार प्राप्त हुने समय छ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम प्रारम्भ गर्ने समय छ।

**तुला** — आत्तिने बानीले काम बिग्रनुका साथै हातमा आएको मौका अरूले फुत्काउन सक्छन्। बोलीको गलत अर्थ लाग्ने समय रहेकाले व्यवहारमा सजग रहनुपर्ला।

**वृश्चिक** — पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ। विभिन्न अवसर पनि आउनेछन्। परिस्थितिअनुसार चल्न नसक्दा पछि परिनेछ।

**धनु** — आकस्मिक कामले खर्च बढाउन सक्छ। सञ्चित रकम अरूलाई सरसापट दिनुपर्ने हुन सक्छ। परिवारजनबाट टाढिनुपर्ला।

**मकर** — मिहिनेतको राम्रो परिणाम प्राप्त हुनेछ। तारिफयोग्य काम सम्पादन गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ।

**कुम्भ** — नयाँ काममा जग बसाउने समय छ। कामको सन्दर्भमा पदासीन व्यक्तिहरूसँग मित्रता बढ्नेछ। गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ।

**मीन** — सामाजिक काममा रुचि बढ्नेछ। समुदायको हितमा राम्रै काम गर्न सकिनेछ। तारिफयोग्य कामले चर्चामा ल्याउन सक्छ।

## ‘सरकार नागरिकको आवाज दवाउने यात्रामा तल्लिन छ’



**◣युग संवाददाता**
**सुर्खेत, १७ जेठ ।**

नेपाल पत्रकार महासंघका केन्द्रीय अध्यक्ष निर्मला शर्माले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकार नागरिकको आवाज दवाउनमा केन्द्रित रहेको बताएकी छन् ।

वीरेन्द्रनगरमा शनिबारदेखि जारी कर्णाली छोरी सम्मेलनको दोस्रो संस्करण अन्तर्गत आइतबार आयोजित ‘आवाज बिहिनहरुका आवाज’ सत्रमा बोल्दै शर्माले मिडियामाथि वर्तमान सरकारले अंकुश लगाउने प्रयास जारी राखेको बताइन ।

जसको उदाहरण सरकारले सरकारी विज्ञापन निजी संचार माध्ययमलाई नदिने गरी गरेको निर्णयलाई अभिव्यक्ति स्वतन्त्रताका विरुद्ध रहेको शर्माले बताइन ।

सरकारका पछिल्ला गतिविधिको महासंघले विरोध गरिरहेको बताउँदै शर्माले नागरिकका आवाज दवाउने यात्राले लोकतन्त्र सुढृड हुन नसक्ने दावी गरिन । उनले भनिन्, ‘कतिपय अवस्थामा कानुन संशोधन गर्ने क्रममा राज्यले पत्रकारलाई दमन गर्ने र अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गर्ने खालका गतिविधिहरु अघिल्ला सरकारसँगै अहिलेको सरकारले पनि गरिरहेको छ । त्यसको विरोधमा अहिले पनि हामी आन्दोलनमै छौं ।’ नागरिकको आवाज दवाउने कदम महासंघका लागि कुनै पनि हालतमा मान्य नहुने पनि उनले बताइन ।

# विश्वभर एक अर्ब ३० करोड मानिस सुर्तीजन्य पदार्थको प्रयोगमा, चार करोड बालबालिका समेत जोखिममा

**◣युग संवाददाता**
**काठमाडौँ, १७ जेठ ।**

विश्व सुर्तीजन्य पदार्थविरुद्धको दिवस विश्वका विभिन्न देशमा चेतनामूलक कार्यक्रमका साथ मनाइएको छ । हरेक वर्ष मे ३१ मा मनाइने यो दिवसको उद्देश्य सुर्तीजन्य पदार्थको प्रयोगबाट हुने स्वास्थ्य जोखिम, सुर्ती उद्योगका व्यावसायिक रणनीति, सुर्ती नियन्त्रणका लागि विश्व स्वास्थ्य सङ्गठन (डब्ल्युएचओ)ले गरिरहेका प्रयास तथा स्वस्थ जीवनयापन र भावी पुस्ताको संरक्षणका लागि आवश्यक कदमबारे चेतना फैलाउनु हो ।




डब्ल्युएचओ सदस्य राष्ट्रहरूले सन् १९८७ मा विश्वव्यापी रूपमा सुर्तीजन्य पदार्थको महामारी तथा यसबाट हुने रोक्न सकिने मृत्यु र रोगप्रति ध्यानाकर्षण गराउन यो दिवसको सुरुआत गरेका हुन्। सन् १९८७ मा विश्व स्वास्थ्य सभाले पारित गरेको प्रस्ताव डब्लुएचए ४०.३८ ले सन् १९८८ अप्रिल ७ लाई ‘ विश्व धूमपानरहित दिवस’का रूपमा मनाउने निर्णय गरेको थियो । त्यसपछि सन् १९८८ मा पारित प्रस्ताव डब्लुएचए ४२.१९ अनुसार हरेक वर्ष मे ३१ मा विश्व सुर्तीजन्य पदार्थरहित दिवस मनाउन थालिएको हो ।

डब्ल्युएचओका अनुसार हाल विश्वभर करिब ८८१ अर्ब ३० करोड मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने गरेका छन् । तीमध्ये अधिकांश निम्न तथा मध्यम आय भएका देशमा बसोबास गर्छन् । पछिल्ला वर्षहरूमा सुर्तीजन्य पदार्थको प्रयोग घट्दै गए पनि अझै विश्वका पाँचमध्ये एक वयस्क कुनै न कुनै रूपमा सुर्तीजन्य पदार्थको प्रयोगमा संलग्न हुने गरेको छ । सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष ८० लाखभन्दा बढी मानिसको मृत्यु हुने गरेको छ, जसमा करिब १२ लाख जनाको मृत्यु निष्क्रिय धूमपानका कारण हुने गरेको छ ।

यस वर्षको दिवसको अवसरमा डब्ल्युएचओले सरकारहरूलाई नयाँ पुस्तालाई सुर्तीजन्य तथा निकोटिनयुक्त उत्पादनको लतबाट जोगाउन विशेष आग्रह गरेको छ । सङ्गठनका अनुसार विश्वभर १३ देखि १५ वर्ष उमेर समूहका कम्तीमा ८८चार करोड बालबालिकाले सुर्तीजन्य पदार्थ प्रयोग गरिरहेका छ भने विद्युतीय चुरोट (ई-सिगरेट) र निकोटिन पाउचको प्रयोग युवा पुस्तामाझ निरन्तर बढिरहेको छ ।

डब्ल्युएचओले सुर्ती तथा निकोटिन उत्पादन गर्ने कम्पनीहरूले आफ्ना उत्पादनलाई अझ आकर्षक, प्रयोग गर्न सहज र छोड्न कठिन बनाउने गरी विकास गरिरहेका जनाएको छ । विशेषगरी स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच तथा अन्य निकोटिनजन्य उत्पादनमार्फत तिनले किशोर र युवालाई अम्मली बनाएका सङ्गठनको भनाइ छ ।

डब्ल्युएचओका स्वास्थ्य निर्धारक, प्रवर्द्धन तथा रोकथाम विभागका निर्देशक डा. एटिएन क्रुगले सुर्तीजन्य पदार्थका कारण हरेक वर्ष लाखौँ मानिसको मृत्यु भइरहे पनि ठूला कम्पनीहरूले आफ्नो व्यापारिक रणनीति परिवर्तन गर्दै नयाँ पुस्तालाई निकोटिनको लतमा फसाउने प्रयास गरिरहेको बताउनुभएको छ । उहाँका अनुसार स्वादयुक्त ई-सिगरेट, निकोटिन पाउच र अन्य निकोटिनजन्य उत्पादनको आक्रामक बजार विस्तारले युवापुस्तालाई लक्षित गरिरहेको छ ।

निकोटिन अत्यधिक लत लाग्ने र स्वास्थ्यका लागि हानिकारक पदार्थ भएकाले विशेषगरी मस्तिष्क विकासको चरणमा रहेका बालबालिका, किशोर तथा युवाका लागि यसको असर गम्भीर हुनसक्ने डब्लुएचओले जनाएको छ । हाल विश्वभर १० करोडभन्दा बढी मानिसले ई-सिगरेट प्रयोग गर्ने अनुमान गरिएको छ भने किशोर उमेर समूहमा यसको लोकप्रियता तीव्र गतिमा बढिरहेको छ।

डब्ल्युएचआले हालै सार्वजनिक गरेको निकोटिन पाउचसम्बन्धी प्रतिवेदनमा सामाजिक सञ्जालका प्रभावशाली व्यक्तिमार्फत यसको व्यापक प्रचारप्रसार भइरहेको उल्लेख गरिएको छ । आकर्षक प्याकेजिङ, मिठाईजस्ता स्वाद तथा जीवनशैलीसँग जोडिएका विज्ञापन अभियानमार्फत युवालाई आकर्षित गर्ने रणनीति अपनाइएको प्रतिवेदनमा जनाइएको छ ।

प्रतिवेदनअनुसार विश्वका करिब १६० देशमा निकोटिन पाउचसम्बन्धी स्पष्ट कानुनी तथा नियमनको व्यवस्था छैन । विश्वव्यापी रूपमा यसको बिक्री तीव्र गतिमा बढिरहे पनि पर्याप्त नियमन नहुँदा लाखौँ मानिस जोखिममा छन् । डब्ल्युएचओले सरकारहरूलाई स्वादयुक्त निकोटिनजन्य उत्पादनमाथि प्रतिबन्ध लगाउन, विज्ञापन, प्रवर्द्धन तथा प्रायोजन रोक्न, सार्वजनिक भित्री स्थानलाई पूर्ण रूपमा धूमपान तथा भेप-मुक्त क्षेत्र घोषणा गर्न तथा कानुनी कार्यान्वयनलाई थप प्रभावकारी बनाउन आग्रह गरेको छ । सुर्ती तथा निकोटिनजन्य पदार्थको बढ्दो प्रयोग नियन्त्रण गर्न नसके भावी पुस्ताको स्वास्थ्यमा गम्भीर असर पर्न सक्ने चेतावनी दिँदै डब्ल्युएचओले स्वस्थ र सुरक्षित समाज निर्माणका लागि सबै पक्षको साझा प्रयासमा जोड दिएको छ ।

## कूटनीतिक माध्यमबाट सीमा समस्या समाधान गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



**◣युग संवाददाता**
**काठमाडौँ, १७ जेठ ।**

प्रधानमन्त्री वालेन्द्र शाहले भारतसँगका सीमासम्बन्धी समस्या कूटनीतिक माध्यमबाट समाधान गर्न सरकार प्रतिबद्ध रहेको बताएका छन् । नेपाल कम्युनिष्ट पार्टी (एमाले) की सांसद पद्मा अर्यालले भारत र चीनले नेपाली भूमि लिपुलेक भएर व्यापार गर्न सडक निर्माणलगायत संरचना बनाएको सन्दर्भमा प्रतिनिधिसभाको आजको बैठकमा गरेको प्रश्नको जवाफमा प्रधानमन्त्रीले उक्त जवाफ दिएका हुन ।

प्रधानमन्त्रीले नेपाल र भारतबीचको सीमा विवादमा इतिहासविद्सहितको संलग्नतामा समाधानको प्रयत्न भएको सदनलाई जानकारी दिँदै सम्बन्धितसँग बसेर वार्ताबाट निकास खोजिने जानकारी दिए । यस विषयमा बेलायत सरकासँग पनि छलफल गर्नुपर्ने प्रधानमन्त्री शाहले बताए ।

“नेपाली भूमि लिपुलेक, लिम्पियाधुरा कालापानी क्षेत्रको भूभागका सम्बन्धमा नेपाल सरकारले औपचारिक रूपमा कूटनीतिक ‘नोट’ भारत सरकारलाई पठाइसकेको छ । त्यसको जवाफ पनि आएको छ । त्यो जवाफमा दुवै सरकारले आफ्ना इतिहासविद्, ‘सर्भेयर’ र आफ्नो भूमिसम्बन्धी जानकारी भएका व्यक्ति राखेर संवादमार्फत यस कुरालाई समाधान गर्ने कुरा भएको छ,” प्रधानमन्त्री शाहले भने, “यस सम्बन्धमा भारत र चीनलाई मात्रै नभएर इङ्ल्याण्ड सरकारसँग पनि कुरा गरेका छौँ । ब्रिटिस इन्डियाले भारत छाडेको समयका समस्या अहिलेसम्म हाम्रोमा भइरहेको हुँदा यसमा इङ्ल्याण्डले पनि सरोकार राख्नुपर्छ भन्ने हाम्रो मान्यता हो । यी सबै कुरा टेबल टक डिप्लोमेटिक हिसाबले भएर समाधान हुने जानकारी गराउँछु ।”

सांसदले राख्नुभएको धेरैजसो कुरालाई सल्लाह र सुझावका रूपमा लिने बताउँदै प्रधानमन्त्री शाहले नेपाली कांग्रेसका सांसद अर्जननर सिंह केसीले राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदन मात्र नभएर विभिन्न कालखण्डमा भएका आन्दोलनका प्रतिवेदन कार्यान्वयन गर्नुपर्नेमा जोड दिए । “विभिन्न कालखण्डमा भएका आन्दोलनको सम्बन्धमा धेरै प्रतिवेदन छन् । एउटा मात्रै प्रतिवेदन छैन । विभिन्न कालखण्डमा विभिन्न आयोग गठन भएका छन् । आजसम्म नेपाल सरकारलाई बुझाइएको जति पनि आयोगका प्रतिवेदनहरू छन् ती सबै प्रतिवेदनलाई एकमुष्ट नेपाल सरकारले अध्ययन गर्छ, त्यही अनुसार कामकारबाही गर्छ ।’’

## याक्चे निगुरो बेचेर पढाइ खर्च जुटाउँदै : पातारासीका बालबालिका

**◣गोल्डेन बुढा**
**जुम्ला, १७ जेठ ।**

जुम्लाको पातारासी गाउँपालिका-३ तल्फी गाउँका बालबालिकाले याक्चे (चुक) निगुरोको साग बेचेर पढाइ खर्च जुटाउने गरेका छन् । प्रशस्त मात्रामा पाइने याक्चे र निगुरो बिदाको दिन संकलन गरी बेचेर उनीहरूले शैक्षिक सामाग्री जुटाउने गरेका हुन् ।




गाउँबाट करिब चार घण्टा टाढा रहेको पाटन (लेक) वन क्षेत्रभित्र रहेका याक्चे टिपेर जुम्लाको सदरमुकाम खलंगामा बिक्री गर्दै आएका १२ वर्षीय रमित बोहराले आफूजस्तै धेरै साथीहरूले चुक बेचेर घरखर्चसँगै पढाइ खर्चसमेत जुटाउने गरेको बताए । खलंगास्थित जिएमडी बोर्डिङमा कक्षा-४ मा अध्ययनरत बोहराले घरको आर्थिक अवस्था कमजोर भएका कारण बिदाको समय लेकमा याक्चे संकलन गरेर खर्च जुटाउने गरेको सुनाए ।

“अहिले याक्चेको सिजन भएकाले एक जनाले सिजनभरिमा पाँचदेखि सात हजार रुपैयाँसम्म कमाउन सक्छ,” उनले भने, “पाटनमा याक्चे र निगुरो प्रशस्त पाइन्छ । बोटबाट टिपेर बजारको सडकछेउमा बसेर बेच्ने गरेका छौं । यसबाट राम्रै पैसा जम्मा भएको छ ।” खलंगामै याक्चे र निगुरो बेच्न आउने १३ वर्षीया विमला बुढा पनि पढाइ खर्च आफैं जुटाउन श्रम गरिरहेकी छन् । सदरमुकामस्थित कनिकानिशा बोर्डिङमा कक्षा-४ मा अध्ययनरत विमलाले बजार ओहोरदोहोर गर्ने सवारीसाधन रोकेर याक्चे र निगुरो बिक्री गर्ने गरेको बताइन् ।

“बिदाको समय खेर फाल्नुभन्दा कापी-कलम खर्च आफैं जुटाउन खोजेका हौं,” उनले भनिन्, “बिदाको दिन सडकमा बस्छु, याक्चे र निगुरो बेचेर दिनमा आठ सय रुपैयाँसम्म कमाउँछु । कहिलेकाहीँ बिहान-साँझ दुवै समय आउँछौँ । साग र धनियाँको सिजनमा पनि बेचेर खर्च जुटाउने गर्छौं ।” उनका अनुसार बुबाआमाको कमाइ घरखर्चमै सकिने भएपछि आफूहरू निगुरो र याक्चे बेचेर व्यक्तिगत खर्चको जोहो गर्दै आएका छन् ।

खुला क्षेत्रमा आफैं उत्पादन हुने निगुरो र याक्चे अहिले जुम्लाका विभिन्न स्थानमा पुग्ने गरेको होटल व्यवसायी नमराज श्रेष्ठ बताउँछन् । आर्थिक अवस्था कमजोर भएका बालबालिकाका लागि यसले सहजता थपेको उनको भनाइ छ । “अहिले निगुरो र याक्चे बेचेर बालबालिकाले दिनमा आठ सयदेखि एक हजार रुपैयाँसम्म कमाउने गरेका छन्,” श्रेष्ठले भने ।

त्यस्तै कनिकानिशा बोर्डिङकै कक्षा-४ मा अध्ययनरत १२ वर्षीय चेतन बुढाले निगुरो र याक्चे बिक्रीबाट आएको आम्दानीले पढाइ खर्चसँगै घरमा समेत सहयोग पुगिरहेको बताए । “लगानी गर्नु पर्दैन, समय र मेहनत मात्र चाहिन्छ,” उनले भने, “निगुरो र याक्चे खोजेर टिप्छु, बिक्री गर्छु र त्यही आम्दानीबाट पढाइ खर्च चलाउँछु । घरमा पनि आर्थिक सहयोग पुगेको छ ।” उनका अनुसार दैनिक दुई सयदेखि पाँच सय रुपैयाँसम्म आम्दानी हुने गरेको छ ।

बालबालिकाहरूका अनुसार परिवारको आर्थिक भार कम गर्न र पढाइका लागि आवश्यक सामग्री खरिद गर्न याक्चे तथा निगुरो बिक्रीले महत्वपूर्ण सहयोग पुगेको छ । उनीहरूले याक्चे (चुक) प्रतिमुठा २० रुपैयाँ र निगुरो प्रतिमुठा ५० रुपैयाँमा बिक्री गर्दै आएका छन् । चन्दननाथ बहुउद्देश्यीय सहकारी जुम्लाका व्यवस्थापक ऋषिराम पाण्डेले आइतबार मात्रै बालबालिकाबाट ४ सय २० रुपैयाँ बराबरको याक्चे खरिद गरेको बताए । उनका अनुसार बालबालिकाले श्रमप्रति सम्मान देखाउँदै बिदाको समयलाई उत्पादनमूलक काममा लगाउनु सकारात्मक सन्देश हो । “जहाँ इच्छा, त्यहाँ उपाय भनेझैं यी बालबालिकाले निगुरो र याक्चे बेचेर पढाइ खर्च जोहो गरिरहेका छन्,” पाण्डेले भने ।

सहरका धेरै बालबालिका प्रविधिमा रमाइरहेका बेला दुर्गम गाउँका यी बालबालिका भने लेकबाट निगुरो र याक्चे बोकेर बजारसम्म पुगिरहेका छन् । उनीहरूको पसिनाले कापी-कलम किन्ने रकम जुटाइरहेको छ भने श्रमको सम्मान गर्ने संस्कार पनि निर्माण गरिरहेको छाजिल्ला कृषि कार्यालय जुम्लाका अनुसार पौष्टिक गुणले भरिपूर्ण मानिने निगुरोको बजार राम्रो भएकाले बालबालिका निगुरो र याक्चे संकलनतर्फ उत्साहित भएका छन् ।

## समता...

जारी गर्दा नै यो कर असुल उपर गर्नुपर्नेछ । असुल गरेको समता शुल्क र त्यसको विवरण चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नु पर्नेछ । कर छलेको पाइएमा कर अधिकृतले आफैं स्वास्थ्य समता शुल्क निर्धारण गर्न सक्नेछन् भने शुल्कको २५ प्रतिशतले हुने रकम जरिवानासमेत गर्न सक्ने व्यवस्था विधेयकमा रहेको छ ।

शिक्षामा लगाइएको समता शुल्क गुणस्तरीय शिक्षामा पहुँच र शैक्षिक पूर्वाधार निर्माणमा खर्च गरिने भनिएको छ । साथै स्वास्थ्यमा लगाइने समता शुल्क गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र स्वास्थ्यसम्बन्धी पूर्वाधार निर्माणमा खर्च गरिने कुरा विधेयकमा उल्लेख गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी नेतृत्वको बहुमत सरकारले शिक्षा र स्वास्थ्यमा तीन प्रतिशतसम्म कर असुल्ने घोषणा गरेसँगै यसको मारमा विपन्न वर्गका नागरिक पर्ने देखिएको छ ।

## करसम्बन्धी...

स्पष्ट पार्न थप गरिएको देखिन्छ ।

बिमा अभिकर्ताको कमिसन आम्दानीमा करको दर १५ बाट २० प्रतिशत कायम गरिएको छ । त्यस्तै बिमा अभिकर्ता सेवालाई मूल्य अभिवृद्धि कर नलाग्ने सूचीमा समावेश गर्नुका साथै यसअघिको आम्दानीमा लाग्ने आयकर, मूल्य अभिवृद्धिकर, ब्याज, शुल्क, जरिवाना तथा विवरणसमेत बुझाउन नपर्ने गरी छुट प्रदान गरी बिमा अभिकर्ता तथा जीवन बिमा कम्पनीलाई राहत प्रदान गरिएको छ ।

यस व्यवस्थाले कर परिपालनमा सहजता ल्याएको छ । तथापि जीवन बिमा व्यवसायको प्रत्येक वर्ष कर निर्धारण भई रहँदासमेत २०५८ देखि लागू आयकर ऐन तथा २०५२ सालदेखि लागू मूल्य अभिवृद्धि ऐनको पालना २०८३ सम्म समेत नभइरहेको ज्वलन्त उदाहरण बिमा अभिकर्ताको आयकर तथा मूल्य अभिवृद्धि करमा भएको दुविधाबाट प्रस्ट हुन्छ ।

*(अरुण राउत नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संघ (एक्यान) का पूर्वअध्यक्ष हुन्)*

## १० बुँदे...

तहमा पुगेका तथा पत्रकारिता क्षेत्रमा सक्रिय महिलाहरूबिच बसह गरिएको थियो । जसमा उनीहरूले आफ्नो संघर्ष, त्याग र आ-आफ्नो समयको सामाजिक चेतका बारेमा जानकारी गराएका थिए ।

वीरेन्द्रनगर नगरपालिकाका नगरप्रमुख मोहनमाया ढकालले महिलाको निर्णायक सहभागिताबिना समावेशी विकास सम्भव नरहेको बताएकी थिइन् । समापन समापन समारोहमा बोल्दै सारदा नगरपालिकाका नगर प्रमुख प्रकाश भण्डारीले छोरीलाई सशक्त बनाउने उद्देश्यले भइरहेका प्रयासहरू आफैँमा महत्वपूर्ण रहेको बताए । उनले सरकारले गर्नुपर्ने कामसमेत कतिपय अवस्थामा एक व्यक्तिको पहलबाट अघि बढिरहेको उल्लेख गर्दै त्यसको प्रशंसा गरे । नगर प्रमुख भण्डारीले विकासलाई केवल भौतिक संरचनामा सीमित गर्न नहुने भन्दै मानव स्रोत साधनको विकासलाई पनि उत्तिकै प्राथमिकता दिनुपर्ने धारणा राखे । उनले बालविवाह, सामाजिक विभेदलगायतका कुरीति अन्त्य गर्न सबैको साझा प्रयास आवश्यक रहेको उल्लेख गरे । त्यस्तै, कार्यक्रममा सामाजिक विकास मन्त्री घनश्याम भण्डारीले कर्णालीका छोरीहरूको सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताए ।

उनले सम्मेलनबाट आएका निष्कर्षहरूलाई व्यवहारिक कार्यान्वयनमा लैजान सहभागी छोरीहरू स्वयं सक्रिय हुनुपर्ने बताए । मन्त्री भण्डारीले नीति निर्माणसँगै त्यसको कार्यान्वयनमा समुदायको भूमिका महत्वपूर्ण हुने उल्लेख गर्दै प्राप्त सुझाव र निष्कर्षलाई दिगो परिवर्तनका लागि उपयोग गर्नुपर्ने धारणा राखे ।

## बैङ्क तथा वित्तीय संस्था परिसङ्घद्वारा बजेटको स्वागत

**◣युग संवाददाता**
**काठमाडौँ, १७ जेठ ।**

बैङ्क तथा वित्तीय संस्था परिसङ्घ नेपालले आगामी आर्थिक वर्ष २०८३/८४ का लागि अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शुक्रबार प्रस्तुत गर्नुभएको बजेटको स्वागत गरेको छ ।

एक विज्ञप्ति जारी गर्दै परिसङ्घले बजेटमार्फत आर्थिक पुनरुत्थान, निजी क्षेत्रको मनोबल अभिवृद्धि, लगानी प्रवर्द्धन तथा उत्पादनमुखी अर्थतन्त्र निर्माणको दिशामा अघि सारिएका नीतिगत तथा संरचनागत सुधारका पहलको स्वागत गरेको हो ।

बैङ्किङ क्षेत्रबाट अपेक्षित कर्जा विस्तार हुन नसकेको अवस्था, बढ्दो खराब कर्जाको चुनौतीबाट प्रभावित हुँदै आएको अवस्थामा आगामी आर्थिक वर्षको बजेटले अर्थतन्त्र र आर्थिक गतिविधिलाई पुनः चलायमान बनाउने आशा र विश्वासको नयाँ आधार सृजना गरेको परिसङ्घको ठहर छ ।

विशेषगरी कर प्रणालीमा गरिएको सुधार, उद्योग-व्यवसायलाई प्रदान गरिएका सहुलियत, ‘डिजिटल’ अर्थतन्त्रको प्रवर्द्धन, प्रविधि एवं पूर्वाधार विकासमा प्राथमिकता, ऊर्जा क्षेत्रको विकासमा जोड दिएकाले बजेटले लगानीमैत्री वातावरण सृजना गरेको विज्ञप्तिमा उल्लेख छ ।

“आगामी आवको बजेटले निजी क्षेत्रलाई आर्थिक वृद्धिको प्रमुख साझेदार र संवाहकका रूपमा आत्मसात् गर्दै लगानी, उद्यमशीलता, नवप्रवर्तन तथा वित्तीय पहुँच विस्तारलाई प्राथमिकतामा राखेको स्पष्ट देखिन्छ”, परिसङ्घले भनेको छ ।

व्यक्तिगत आयकरमा छुटको सीमामा वृद्धि, करको दरमा पुनरावलोकन, औद्योगिक कच्चापदार्थमा भन्सार सहजीकरण तथा वैकल्पिक वित्तीय उपकरणमार्फत पुँजी परिचालनका व्यवस्थाहरूले समग्र आर्थिक गतिविधिहरूमा सकारात्मक ऊर्जा सञ्चार गर्ने परिसङ्घले विश्वास गरेको छ ।

# जनप्रतिनिधिसँग बालबालिकाका माग

**युग संवाददाता**
**कैलाली, १७ जेठ ।**

स्थानीय पालिकाका जनप्रतिनिधिसँग सबै बालबालिकाको गुणस्तरीय शिक्षामा पहुँच वृद्धिका लागि प्राथमिकता दिने गरी नीति, कार्यक्रम तथा बजेट व्यवस्थापनका लागि माग गरिएको छ। यहाँका बालबालिकाले आगामी आर्थिक वर्षको बजेटमा विपन्न, अभिभावकविहीन तथा समस्यामा रहेका बालबालिकालाई प्राथमिकतामा राख्न त्यस्तो माग गरेका हुन्। बालिका बिनिता चौधरीले बालबालिकाको स्वास्थ्य तथा पोषण सुधारमा काम गर्नुपर्ने, बालविवाह, बालश्रम, बालहिंसा रोकथाममा पालिकाले नीति तथा कार्यक्रममै व्यवस्था गर्नुपर्ने माग गरे। अर्की बालिका निर्मला विकले बालिका बलात्कार तथा यौनजन्य हिंसाको जोखिममा परिरहेकाले यौन दुर्व्यवहारबाट सुरक्षा, जोखिममा रहेका बालबालिकाको संरक्षणको जिम्मा पालिकाले लिनुपर्ने माग गरे।



बालिका किरण लोनियाले बालबालिकाका लागि हरेक विद्यालयमा पुस्तकालय, खेलमैदान, कला र संस्कृति संरक्षण र नेतृत्व विकासमा लगानी गर्नुपर्ने माग गरे। "मुश्लिम बस्तीमा अहिले पनि बालविवाह छ, धेरै अभिभावकले छोरीलाई विद्यालय पठाउँदैनन्", उनले भने, "बालविवाहका कारण धेरै बालिका समस्यामा छन्। उमेर नपुग्दै आमा बन्छन्। मुश्लिम समुदायलाई यस्ता सवालम सचेत बनाउन, शिक्षा र स्वास्थ्यमा लगानी बढाइदिन आग्रह छ।"

कैलारी गाउँपालिकाका दिपु चौधरीले अपाङ्गता भएका बालबालिकाका लागि विशेष सहयोगका कार्यक्रम सञ्चालन गर्नुपर्ने माग गरे। "स्थानीय पालिकामा योजना छनोट गर्दा बस्तीस्तरमा हुने भेला, वडास्तरीय छलफललगायत कार्यमा हामीलाई पनि सहभागी गराइदिनुस", उनी भन्छन्, "विद्यालयमा खानेपानी तथा सरसफाइको कमी छ। शौचालय व्यवस्थित छैनन्, यसतर्फ पनि लगानी बढाउनुपर्‍यो।"

कतिपयले बालबालिकामाथि अनलाइन दुर्व्यवहार र साइबर जोखिम बढेको गुनासो गर्दै सुरक्षित इन्टरनेटको प्रयोगबारे जनचेतना जगाउनुपर्ने माग गरेका छन्। यसका साथै महिनावारी व्यवस्थापनमा सहयोगका लागि हरेक विद्यालयमा सम्पर्क शिक्षकका रूपमा महिला शिक्षकलाई राख्नुपर्ने माग गरेका छन्।

हालै यहाँको भजनीमा आयोजित कार्यक्रममा सहभागी बालबालिकाले यस्तो माग गरेका हुन्। गर्मीमा पर्याप्त पङ्खा नहुँदा विद्यालयमा अध्ययन गर्न समस्या भइरहेको, शौचालय फोहोर हुँदा संक्रमणको जोखिम रहेको र समुदायमा अझै छाउपडी प्रथा रहेकाले पठनपाठनमा चुनौती रहेको बालबालिकाको गुनासा छन्।

कार्यक्रम वल्ड भिजन इन्टरनेशनल नेपाल र बालकल्याण सङ्घ टीकापुरको आयोजनामा कैलालीमा सञ्चालित बाल समृद्धिका लागि हातेमालो तथा एकीकृत विकास कार्यक्रमअन्तर्गत भएको हो। कार्यक्रममा भजनी नगरपालिका, महिला बालबालिका शाखा प्रमुख रिजु चौधरीले बालविवाह, लागू अवस्था दुर्व्यसन, बीचैमा विद्यालय छोड्ने दर र बालबालिकामा आत्महत्याका घटना बढ्दै गएको बताए।

नगर उपप्रमुख राजु तिरुवाले पालिकाले बालविवाह न्यूनीकरणका लागि मुस्लिम बस्तीमा परिवार नियोजन गर्ने महिलालाई प्रोत्साहनका कार्यक्रम अगाडि बढाइएको र त्यसलाई विस्तार गरिने योजना सुनाए। "हामीले प्रोत्साहनका लागि कम्बल वितरणलगायत कार्यक्रम गरिरहेका छौँ। पहिलो वर्ष तीनजना मात्रै आएकामा दोस्रो वर्ष २६ महिलाले बन्ध्याकरण गरेको भनेर सम्पर्क गरेका छन्", उनले भने, "यो कार्यक्रम आगामी दिनमा पनि निरन्तर रहने छ। नागरिकलाई सचेत गराउन विभिन्न कार्यक्रम र लाखौं लगानी गरिरहेको भए पनि प्रतिफल खासै नदेखिएकाले रणनीति बदल्दैछौँ।"

## घुयँत्रो

काँग्रेस र एमाले पाटि भित्र भ'को भयङ्कर गृहयुद्ध पछि तिनरु मात्रै लडने हाम्ले के आमा दूध खाछैनम् , तिमिभन्दा हामी के कम भनेजस्तरी राप्रपाभित्र नि दङ्गा फसाद चल्या जस्तो देखियो त हैं। विचरा धवल समशेर छुट्टै पाटि खोल्छु भनेर पञ्चहरु खेडने दाउमा लाग्याछन भन्ने पो सुनिदैछ त! ऐलेका अध्यक्ष राजेन्द्र लिङदेनले धवल शमशेरलाई बेस्सरी तेल आउने गरि पेलेर भित्तैमा पुर्याएछि विचरा धवल पनि के गरून्! अर्का पेलाई खाएर बस्नु भन्दा त राणाछोरो हुँ आँफै राजाभएर बस्छु नि भनेर अर्को पाटि खोल्न लाग्याछन भन्ने सम्चार सुनेर त होला राप्रपाका पुराना अध्यक्षहरु कमल थापा,पशुपति र प्रकाशचन्द्र लोहनिहरले धवललाई रोक्न सकिन्छ कि भनेर प्रेश विज्ञप्ति नै जारी गर्दै यै मैनाको अन्त्यतिर हुने केन्द्रिय समितिया बैठकले महाधिवेशन मिति तोकम्ला ऐले यो २/४ दिन नआत्तेउ,बरु सब कुराको छिनो फानो महाधिवेशन मै गरम्ला हतार नगरम भनेर धवललाई सम्झाउँदै छन। तर, धवलको पाईला चालाई हेर्दा उनी रोक्केलान जस्तो छैन। पुराना अरु पाटि फुटेर लथालिङ्ग भा बेलाँ बरु राप्रपा चाईँ जमेर बस्ने भो भन्या बेलाँ त्यै पाटिनि फुटने भएछि सद्दे त कुनै पाटिनि नरहने भए गाँठे! यो सालाँ देशका पुराना पाटिहरुका ग्रहदशा राम्रा रैनछन कि क्या! कसैलाई जेनजी आन्दोलनले सिध्यायो अनि कसैलाई आफ्नै पाटिका नेताहरको पेलाईले सिध्यायो अनि कसैलाई चुनाबले सिध्यायो के गर्ने जनताले रोई कराई गर्देर नहुने। चुनाबाँ एक सिटमात्रै जित्देर राप्रपाको विउसम्म जोगाई देका ज्ञानेन्द्र शाहि र उनको पाटिको हरि विजोग हुने भएछि। अब राप्रपाका शाहिनि राप्रपा छोडेर लाखा पाखा लागे भने लिङदेनले के भनेर चित्त बुझाएर बस्ने हुन कुन्नि ? ज्ञानेन्द्रसितै पलाकि समानु पातिककि खुशबु र ज्ञानेन्द्र नि पाटिसाटि हटाव बबाल जब नेताहरलाई नै पाटिको मायाँ छैन र पाटिलाई तितरवितर बनाउँछन भने हाम्ले मात्रै राप्रपानै भनेर किन बस्न पर्याछ र ? आखिर हामी नि राजशाहि चाहने अनि बालेन नि राजशाहिनै चाहने पाटिका नेता हुन भने हामीनै राप्रपा' ट रास्वपाँ गै दे के हुन्छ भनेर खुशबु र ज्ञानेन्द्र नै घण्टीयाँ गैदेर दुई तिहाई पुर्याई दे भने भ्याई त गो त हैन र! त्यसै त दुई तिहाइ पुर्याएर देशाँ बितण्डा मच्चाउन सक्न पाभा देश एक लौटि हाम्रै कब्जाँ हुन्थ्यो र पुरनना दलका नेताहरको घाँटी अँड्याउने बाटो खुल्थ्यो भनेर मेचिदेखि महाकालिसम्मका रास्वपाहरु उर्लि रा बेलाँ अँझ भै नभै घण्टील्यै भन्याजस्तो भो भनेत यो देशाँ यिनरकै निरंकुशता त चल्ने होला त। कैले लोकतन्त्र र गणतन्त्रको फाईँफुट्टि लाएर त कैले काँग्रेस कमिनिष्टका नाममा गठबन्धन चलाएर सत्ताँ राईँ दायिँ मच्चायर खाँदैआका पुराना तिन्टा पाटिका खेल खण्डले ३५ /४० बर्ष धकल्दानि जनता शिर ठाडो हुने काम कैल्यै भएन भने अब यो भख्खर आ घण्टीले त झन जन्ता निम्ति के गर्ला र जनताले के पाउलान ? विश्वास गर्ने ठाम कतै छैन। कैले ब्यवस्था भएन भनेर लडने अनि कैले नेताहुन पाईन भनेर लडने यी नेताहरुको हर्कतले देश र जनताको उन्नति र प्रगति त् त्यस्तै हो जनताले बेलाबेलाँ यिनका राजनीतिक हैसियतसम्म देख्न पाउने भए। दुई तिहाईको सत्ताँ पुगेर काँग्रेस कमिनिष्टहरुको बेहाल बना बेलाँ बाँकि र' को पञ्चहरको पुरानोदल राप्रपा समेत फुटाएर नेता कार्यकर्ता जति घण्टीयाँ वसार्या रास्वपाले अबका ५ वर्षाँ के के गर्दो रैछ त्यै हेरेर बस्ने त होला हाम्ले! हामी जनतालागि न कोई फुटेर हर्ष अनि न कोई जुटेर बिस्माथ। यो प्रजातान्त्र भनुन कि लोकतन्त्र या गणतन्त्र सबै नेताहरले नै लुटि खान ल्याको ब्यवस्था हो। जसले जति सक्छौ लुटि खाउ। जनताले जुनदिन तिमर्लाई सडकाँ लतार्ने हैसियत राख्लान त्यै दिन बल्ल हाम्ले जनता ब्यवस्था आयो भनम्ला र तिमर्लाई बाईबाई गरम्ला। ऐले चाईँ पाटि फुटाउकि जुटाउ हाम्लाई बाल मतलब छैन।

# गँबारो किराको प्रकोपले बर्दियाको चैते धान संकटमा

**सरला सुवेदी**
**बर्दिया, १७ जेठ ।**

बर्दियाको राजापुर नगरपालिका र गेरुवा गाउँपालिकामा रोपिएको चैते गँबारो किराको प्रकोप बढेपछि किसानहरू चिन्तित बनेका छन्। धान पाक्ने चरणमा पुगेका बेला किराको आक्रमण बढ्दा यस वर्ष उत्पादनमा कमी आउने संकेत देखिएको किसानहरूको भनाई छ।

राजापुर नगरपालिकाका व्यावसायिक किसान तथा गणेशबाबा एग्रोसिड कम्पनीका प्रबन्धक पहारी थारूले गँबारो किराका कारण यस वर्ष चैते धान उत्पादन कम्तीमा १० प्रतिशतले घट्न सक्ने बताए। उनका अनुसार पछिल्ला वर्षहरूमा गँबारो किराको प्रकोप निरन्तर बढ्दै गएको छ।

"किरा लाग्ने समयमै पहिचान गरेर नियन्त्रणका उपाय अपनाउनुपर्छ। किसान र कृषि प्राविधिक दुवैले समयमै ध्यान नदिँदा उत्पादनमा असर पर्न थालेको छ," उनले भने। अहिले धान उत्पादनको अन्तिम चरणमा पुगेकाले थप नियन्त्रणका उपाय प्रभावकारी नहुने उनको भनाई छ।

त्यस्तै, गेरुवा गाउँपालिका-१ जनकनगरका किसान फत्तेसिंह वैद्यले यस वर्ष गत वर्षको तुलनामा गँबारो किराको प्रकोप बढी देखिएको बताए। "जसले समयमै प्राविधिक सल्लाह लिएर विषादी र मोहनी पासो प्रयोग गरे, उनीहरूको क्षति कम भयो। तर जानकारी नपाएका धेरै किसानले ठूलो नोक्सानी बेहोर्नुपरेको छ," उनले गुनासो गरे।

गेरुवा गाउँपालिका-४ गिदरपुरका किसान सीताराम चौधरीले पनि यस वर्ष चैते धानमा गँबारो किराको असर उल्लेख्य रूपमा बढेको बताए। "गत वर्षभन्दा यस पटक किराको प्रकोप धेरै देखिएको छ। खेतमै धानका बोटहरू सुक्दै गएका छन्, उत्पादन घट्ने चिन्ता छ," उनले भने।

यता, राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख वीरेन्द्र पराजुलीले भने हरेक तीन-चार वर्षमा कुनै न कुनै प्रकारको किराको प्रकोप देखिने गरेको बताए। समयमै नियन्त्रणका उपाय अपनाइएकाले अवस्था महामारीका रूपमा नफैलिएको उहाँको दाबी छ।

उनका अनुसार बर्खे धानको तुलनामा चैते धानमा रोग तथा किराको जोखिम बढी हुने भएकाले किसानलाई विषादी वितरण, मोहनी पासो प्रयोग तथा नियन्त्रणका विधिबारे नियमित जानकारी दिने गरिएको छ। "अहिलेसम्मको अवस्था सामान्य छ। उत्पादनमा केही असर परे पनि ठूलो गिरावट आउने अवस्था देखिएको छैन," पराजुलीले बताए।

यस वर्ष बर्दियामा ७५० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको छ। उक्त क्षेत्रबाट चार हजार ४२५ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको कृषि कार्यालयको तथ्यांक छ। गत आर्थिक वर्ष २०८१/८२ मा जिल्लामा ७०० हेक्टर क्षेत्रफलमा चैते धान खेती गरिएको थियो।

धान उत्पादनमा आत्मनिर्भरता बढाउने तथा चैते धान प्रवर्द्धन गर्ने उद्देश्यले सरकारले आर्थिक वर्ष २०७३/७४ देखि प्रधानमन्त्री कृषि आधुनिकीकरण कार्यक्रमअन्तर्गत धान जोन कार्यक्रम सञ्चालन गरेको थियो। त्यसपछि आर्थिक वर्ष २०७५/७६ देखि बर्दियामा धान सुपर जोन कार्यक्रम लागू गरिएको छ। तर पछिल्ला वर्षहरूमा देखिँदै आएको गँबारो किराको प्रकोपले किसान र कृषि क्षेत्रका सरोकारवालाहरूलाई थप सतर्क बन्नुपर्ने चुनौती खडा गरेको छ।

**यौनजन्य सामाजिक र सांस्कृतिक सद्भाव कायम राखौं।**

- सबै जात/जाति, भाषा/भाषी, धर्म र संस्कृतिको सम्मान गरौं, आपसी समझदारी, सहिष्णुता र भाईचारा बढाऔं,
- घृणा, विभेद र हिंसाजन्य व्यवहार त्यागौं,
- पर्व-उत्सवहरू मिलेर मनाऔं,
- अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद र सहकार्यबाट विवाद समाधान गरौं,
- शान्तिपूर्ण र समावेशी समाज निर्माणमा योगदान दिऔं।
- विविधतामा एकता भन्ने भावना विकास गरौं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा निःशुल्क सिकाइने।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत। मो: नं ९८४८०७६८५६ (डी.बी. राना)




**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अतरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।